# कथाका क्रियाकलाप



११+
रमाइलो क्रियाकलाप

उमेर समूह ५-१०

Australian Aid
The Asia Foundation
Let's Read
An Initiative of Karkhana

**अस्वीकरण :**

यो **कथाका क्रियाकलाप** नामक प्रकाशन तथा संलग्न शैक्षिक सामग्री अष्ट्रेलिया सरकार, वैदेशिक मामिला तथा व्यापार विभागको सहयोगमा दी एसिया फाउण्डेसनद्धारा सञ्चालित कोभिड–१९ आकस्मिक प्रतिकार्य- शिक्षा सहयोग कार्यक्रम अन्तर्गत अनुवादित रूपमा तयार गरी साझेदार नगरपालिकामा निःशुल्क वितरणरका लागि उपलब्ध गराइएको हो । उल्लिखित प्रकाशन, अनुवादित सामग्री तथा संलग्न शैक्षिक सामग्रीमा व्यक्त विचारहरूले साझेदार नगरपालिका, अष्ट्रेलिया सरकार तथा दी एसिया फाउण्डेसनको आधिकारिक धारणालाई प्रतिनिधित्व गरेको मानिने छैन । साथै प्रकाशनमा समावेश भएका कुनै पनि कथा वस्तु वा शैक्षिक सामग्रीमा हुनसक्ने सम्भाव्य त्रुटीहरूको लागि साझेदार नगरपालिका एवं अष्ट्रेलिया सरकार तथा दी एसिया फाउण्डेसन जिम्मेवार हुनेछैन ।


**बाल संरक्षण नीति :**

बालबालिका कुनै पनि वेला हेला, हिंसा, दुर्व्यवहार, विभेद, मानसिक स्वास्थ्य समस्या तथा मनोसामाजिक समस्यामा पर्न सक्दछन् । उनीहरु विरूद्ध यौन दुर्व्यवहार, श्रम शोषण तथा बाल विवाह, बेचविखन एवं ओसार पसार जस्ता अपराध हुन सक्दछ । यसै गरी, बालबालिका हराउने, बेवारिसे फेला पर्ने तथा परि त्याग गरिएको पनि हुन सक्दछन् । यदि कुनै पनि बालबालिका यस्तै जोखिममा तथा समस्यामा परेका छन् भने बाल हेल्पलाइन नेपालको आपत्कालीन पैसा नलाग्ने फोन नं १०९८ मा सम्पर्क गर्न सकिन्छ । जोखिममा परेका बालबालिकालाई बाल हेल्पलाइनले तत्काल सहयोग र परामर्श गर्ने छ ।

# ८ टिवी र बोनीको खोज यात्रा

## विद्यार्थीका लागि क्रियाकलाप

letsread.asia/TiwiAndBoni



टिवी र बोनीले अन्तरिक्ष पोशाक (spacesuit) लगाए, अन्तरिक्ष यन्त्र (spaceship) लिए र नयाँ ग्रह पत्ता लगाउन यात्रा शुरू गरे। के तिमीलाई थाहा छ, अन्तरिक्ष कस्तो देखिन्छ ? हाम्रो ग्रहभन्दा यो के-के कुरामा फरक होला त ?

जब अन्तरिक्षयात्रीहरु पृथ्वी छोडेर जान्छन्, उनीहरूले धेरैथरि सुविधा र सामग्री सहितको गह्रौं स्पेस सुट लगाउनु पर्छ । अन्तरिक्षमा यदि स्पेस सुट नलगाएमा के होला ?

अब हामी आफ्नै स्पेस हेल्मेट बनाऔं र अन्तरिक्ष यात्रामा लागौं !

### बनाउनुअघि यी सामग्री छन् कि छैन् हेर ।

१. कागजको कप
२. तन्किने बेलुन
३. कैंची
४. पेन्ट ब्रस
५. फेविकोल जस्तो ग्लु
६. पुरानो अखबार
७. ए फोर कागज
८. एउटा पारदर्शी प्लास्टिकको टुक्रा
९. रङ्गहरू



## कागजको टुक्राहरूले स्पेस हेलमेट बनाऔँ



**चरण १**

पुराना अखबारहरूलाई काटेर लामो-लामो टुक्राहरु पार ।



**चरण २**

एउटा कागजको कपमा ग्लु वा फेविकल खन्याऊ ।



**चरण ३**

कपमा पानी थप । फेविकलको परिमाणभन्दा दुई गुणा पानी राख्नु पर्छ ।



**चरण ४**

बेलुनलाई फुक र ठिक्कको बनाऊ अनि मुखमा बाँध । यसलाई धेरै ठूलो नपार तर तिम्रो टाउको भन्दा अलिकति ठूलोचाहिँ बनाऊ ।



**चरण ५**

फुकेको बेलुनलाई अड्याउन फेदपट्टिको भागलाई मिलाएर पानी हालिएको कपमा राख ।



**चरण ६**

अखबारका टुक्रालाई गममा चोप र बेलुनमा टाँस । बेलुन फुट्न सक्ने भएकाले सुरक्षित रूपमा राख ।



**चरण ७**

बेलुनको सबै भागमा कागजका टुक्रा टाँसिसकेको निश्चित गर । त्यसपछि ३-४ घण्टासम्म यसलाई सुक्न  देऊ ।



**चरण ८**

केही ए फोर कागज लेऊ र तिनलाई पनि लामा-लामा टुक्रा बनाऊ ।



**चरण ९**

ती कागजका टुक्राहरूलाई ग्लुमा चोप र अखबारमाथिको भागमा टाँस । केही घण्टा सुक्न देऊ ।



**चरण १०**

कागज सुकेपछि त्यसभित्र रहेको बेलुनलाई फुटाएर बाहिर निकाल र स्पेस हेलमेट बनाउनका लागि रेखा कोर ।



**चरण ११**

तल्लो र अनुहारपट्टिको भाग काट । तिम्रो हेलमेट यस्तो दे खिनेछ ।



**चरण १२**

हेलमेटमा तिमीलाई मनपर्ने रङ्ग लगाऊ र फेरि सुक्न देऊ ।



**चरण १३**

रङ्ग लगाई सुकेपछि स्पेस हेल्मेट यस्तो देखिनेछ ।




**चरण १४**

तिम्रो हेल्मेटको अनुहारको भागमा पारदर्शी प्लास्टिक राख ।



**बधाई छ !**

तिम्रो स्पेस हेलमेट तयार भयो ।



## सीप बढाऊ

१. कागजकै प्रयोग गरेर अन्तरिक्षयात्रीलाई अन्तरिक्षमा सघाऊ पुऱ्याउने सामानहरू बनाऊ ।

२. तिम्रो स्पेस हेल्मेटमा अन्तरिक्षयात्रीहरूलाई एक-अर्काबीच सजिलै कुराकानी गर्न सघाउने एउटा सानो यन्त्र बनाऊ ।





## दिमाग लगाऊ

१. अन्तरिक्षयात्रीले स्पेस हेल्मेट नलगाए के होला ?

२. पानीभित्र पौडने (scuba diving) सीप सबै अन्तरिक्षयात्रीलाई आवश्यक पर्छ । तिम्रो विचारमा अन्तरिक्षयात्रीलाई किन यो सीप चाहिन्छ होला ?

## कार्यपुस्तिका टिवी र बोनीको खोज यात्रा

अन्तरिक्षयात्रीहरूले अन्तरिक्षमा वायुमण्डल नभएकाले विभिन्न चुनौतीहरु ब्यहोर्ने गर्छन् । तल दिइएका त्यस्तै चुनौतीहरु हेर र कसरी स्पेस सुटले यी चुनौतीहरूलाई समाधान गर्न सघाऊ पुऱ्याउँछन्, अनुमान गर ।



**२. अन्तरिक्षयात्रीले खुला रूपमा सास फेर्न सक्दैनन् किनभने त्यहाँ हावा छैन ।**

-----------------------------------------------

-----------------------------------------------

**२. त्यहाँ पृथ्वीमा जस्तो हावाको चाप नभएकाले हाम्रा रक्तनली अन्तरिक्षमा विष्फोट हुन सक्छन् ।**

-----------------------------------------------

-----------------------------------------------

**३. अन्तरिक्षयात्रीले अन्तरिक्षमा एकअर्काको आवाज सुन्न सक्दैनन् किनभने त्यहाँ आवाज बोक्ने वायु हुँदैन ।**

-----------------------------------------------

-----------------------------------------------

## जानिराखौं टिवी र बोनीको खोज यात्रा

### अन्तरिक्षयात्रीको अनुभव

पृथ्वीलाई घुमिरहने एउटा ठूलो अनुसन्धान केन्द्र हो । अन्तरिक्षयात्रीहरु अन्तरिक्ष, पृथ्वी र अरु धेरै वस्तुबारे खोज-अनुसन्धान गर्न यो स्टेशनमा लामो समयसम्म बस्ने गर्छन् ।




अहिले पाँचजना अन्तरिक्षयात्रीहरु ISS मा काम गरिरहेका छन् । तीमध्ये केहीचाहिं धेरै महिनाअघि देखि नै त्यहां छन् ।

आइएसएसमा अन्तरिक्षयात्रीहरूको दैनिक जीवन हाम्रोभन्दा निकै भिन्न हुने गर्छ । उदाहरणका लागि, दाँत माझेपछि उनीहरूले दन्तमञ्जनलाई निल्ने गर्छन्, किनकि थुक्न र सफा गर्न झनै अफ्ठ्यारो हुन्छ ।

तिमीले तिम्रो दैनिक जीवनमा गर्ने अरु के-के कामहरु अन्तरिक्षमा निकै फरक तरिकामा गरिन्छ होला, सोच । तिम्रो विचारमा अन्तरिक्षयात्रीहरूले झोल कसरी पिउँलान्, अनि कसरी नुहाउलान् ?